राक्सिराङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राक्सिराङ, मकवानपुर
बागमती प्रदेश, नेपाल

## राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय

२०८० जेठ २९ गते सोमबार विहान ०७:०० बजे बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको आ.ब. २०७९/०८० को तेर्हौं बैठकबाट भएको निर्णयहरुको संक्षिप्त व्यहोरा निम्न बमोजिम छन् :

**निर्णय नं. १:**

गत बैठकहरुबाट भए गरेका निर्णयहरुको समीक्षागरी कार्यान्वयन हुन बाँकि निर्णयहरुलाई यथाशीघ्र कार्यान्वयन गर्ने।

**निर्णय नं. २:**

| राक्सिराङ्ग गाउँपालिका<br>आयको संक्षिप्त विवरण | | | |
|---|---|---|---|
| आ.व २०७९/०८० | | अवधि २०७९/४/०१-२०८०/२/२८ | |
| श्रावण १ देखि चैत्र २० सम्म | | | |
| शिर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी % |
| संघीय सरकार | ३३ करोड ८४ लाख ९६ हजार | ३२ करोड ५१ लाख १८ हजार ५ सय | ९६.०५ |
| प्रदेश सरकार | ८ करोड ५७ लाख ५८ हजार | ८ करोड ५७ लाख ५८ हजार | १०० |
| राजश्व वाडफाड | १७ करोड २६ लाख १७ हजार | ९ करोड १३ लाख ५५ हजार ३५ | ५२.९२ |
| आन्तरिक स्रोत | ७ करोड ७१ लाख ४० हजार | ९ करोड ७६ लाख ३३ हजार ५ सय ८ | १२६.५७ |
| जम्मा | ६७ करोड ४० लाख ११ हजार | ५९ करोड ९८ लाख ६५ हजार ४४ | ८८.९९ |

| राक्सिराङ्ग गाउँपालिका<br>व्ययको संक्षिप्त विवरण | | | | |
|---|---|---|---|---|
| आ.व २०७९/०८० | | अवधि २०७९/४/०१-२०८०/२/२८ | | |
| श्रावण १ देखि जेष्ठ २८ सम्म | | | | |
| शिर्षक | वार्षिक बजेट | खर्च | खर्च % | |
| चालु खर्च | ४० करोड ८६ लाख ७६ हजार | २१ करोड २२ लाख ३६ हजार ३ सय ३९ | ५१.९३ | |
| पुजीगत खर्च | २६ करोड ५३ लाख ३५ हजार | १५ करोड ८० लाख ८१ हजार २ सय ६९ | ५९.५८ | |
| जम्मा | ६७ करोड ४० लाख ११ हजार | ३७ करोड ३ लाख १७ हजार ६ सय ८ | ५४.९४ | |

| राक्सिराङ्ग गाउँपालिका<br>क्षेत्रगत बजेट तथा खर्च विवरण | | | | | |
|---|---|---|---|---|---|
| आ.व २०७९/०८० | | | अवधि २०७९/४/१-२०८०/२/२८ | | |
| | श्रावण १ देखि जेष्ठ २८ सम्म | | | | |
| सि.नं. | शिर्षक | विनियोजन बजेट | खर्च | खर्च % | मौज्दात |
| १ | आर्थिक विकास | ४ करोड ९१ लाख | १ करोड ८३ लाख २१ हजार ४ सय ८२ | ३७.३१ % | ३ करोड ७ सात लाख ७८ हजार ५ सय १८ |
| २ | सामाजिक विकास | २५ करोड १ लाख ३१ हजार | १५ करोड ९३ लाख ५६ हजार ९ सय २५ | ६३.७१ % | ९ करोड ७ लाख ७४ हजार ७४ |
| ३ | पूर्वाधार विकास | २२ करोड ६७ लाख २० हजार | १३ करोड ३२ लाख २२ हजार ५ सय २७ | ५८.७६ % | ९ करोड ३४ लाख ९७ हजार ४ सय ७२ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २ करोड ४० लाख ४५ हजार | ९७ लाख ३१ हजार ८ सय ९३ | ४०.४७ % | १ करोड ४३ लाख १३ हजार १ सय ७ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १२ करोड ४० लाख १५ हजार | ४ करोड ९६ लाख ८४ हजार ७ सय ७९ | ४०.०६ % | ७ करोड ४३ लाख ३० हजार २ सय २० |
| कुल जम्मा | | ६७ करोड ४० लाख ११ हजार | ३७ करोड ०३ लाख १७ हजार ६ सय ८ | ५४.९४ % | ३० करोड ३६ लाख ९३ हजार ३ सय ९१ |



प्रमुख प्रशासकीय अधिकृत

**राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय**

**निर्णय नं. ३:**

राक्सिराङ्ग गाउँसभाको चौधौं (बजेट) अधिवेशन मिति २०८०/०३/०९ गते आव्हान गर्ने ।

**निर्णय नं. ४:**

आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम, अर्थ विधेयक, विनियोजन विधेयकको मस्यौदा सम्बन्धमा कार्यपालिका अन्तर्गतका विषयगत समितिहरुमा छलफल गरी मस्यौदा पेश गर्न सम्बन्धित विषयतगत समितिहरुलाई निर्देशन दिने ।

**निर्णय नं.५ :**

वडा नं. ६ को प्रशासनिक भवन, वडा नं ८ को प्रशासनिक भवन र सरिखेत स्वास्थ्य चौकि, कुँडुलेको स्वास्थ्य भवन निर्माणका लागि दाताहरुबाट निशुल्क र निशर्त रुपमा जग्गा उपलब्ध भई हक हस्तारण गरी नामसारी गर्ने प्रकृयामा रहेको हुँदा उक्त जग्गा नामसारी गर्न यस कार्यालयका *निशिथ प्रसाद शर्मा* लाई प्रतिनिधी तोकी जिम्मेवारी प्रदान गर्ने ।

**निर्णय नं. ६:**

राक्सिराङ्ग आधारभूत अस्पताल अन्तरगत संचालित एम्बुलेन्स संचालन समितिको निर्णयबाट अनुरोध भई आए अनुसार एम्बुलेन्सको मर्मत, बीमा तथा नवीकरण को रकम भुक्तानीका लागि एम्बुलेन्स संचालन समितिमा रकम अभाव भएको कारण राक्सिराङ्ग आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन खर्च शीर्षकबाट रकम भुक्तानी दिन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं. ७: विविध**

क) राक्सिराङ्ग गाउँपालिकाको आय ठेक्का aya/1/079/080 अनुसार श्री गतिशील निर्माण सेवा हेटौंडा ६ संगको सम्झौता बमोजिम भए गरेको कार्यका सम्बन्धमा छलफल गरियो । सो सम्बन्धमा यस कार्यालयको मिति २०८०।०२।२४ गते सम्मको नदीजन्य पदार्थको उत्खनन, संकलन तथा निकासीको अवस्था देहाय बमोजिमको रहेको व्यहोरा प्रमाणित गर्ने साथै सो ठेक्का व्यवस्थापन तथा सम्पादनका क्रममा भएका कृयाकलापहरुको गाउँपालिकाको अनुगमन समिति तथा राजश्व परामर्श समितिबाट समेत नियमित अनुगमन गरी कार्यपालिकामा प्रतिवेदन पेश गर्नको लागि निर्देशन दिने ।

संक्षिप्त प्रतिवेदन यस प्रकार रहेको छ :

राक्सिराङ्ग गाउँपालिका

नदिजन्य पदार्थको आय ठेक्का सम्बन्धि विवरण

आ.व.:- २०७९/०८०

ठेक्का नं.:- aya/1/079/080

ठेक्का सम्झौता मितिः- २०७९/१०/२९

ठेक्काको प्रकारः- Collection,Sales and Export of River Based Materials

ठेक्का सम्झौता गरेको कम्पनिः- M/S Gatisil Nirman Sewa, Hetauda-06

ठेक्का सम्झौता गरेको रकमभ्याट सहितः- ५,०९,९४,३०६.२४(पाच करोड नौलाख चौरानब्बे हजार तिनसय छ पैसा चौबिस मात्र)

ठेक्का अवधिः- २०७९/११/०१ देखी २०८० असार मसान्त

आय ठेक्का मार्फत निकासी भएको( फाल्गुन १ देखि जेष्ठ २४ सम्म

| सि.नं. | निकासी सामाग्री | निकासी परिमाण घन गि | | | |
|---|---|---|---|---|---|
| १ | बालुवा | ३६४४७ | | | |
| २ | ग्राभेल | १६०५२.७५ | | | |
| ३ | ढुङ्गा | १८०५२ | | | |
| ४ | चिप्स | ५४७.३ | | | |
| ५ | माटो | ५४.११ | | | |
| ६ | गिट्टी/रोडा | १५.७०१ | | | |
| ७ | ओभरराईज | १२.०१८ | | | |
| कुल जम्मा | | ८६८६६.१७८ | | | |

प्रमुख प्रशासकीय अधिकृत

**राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय**

ख) यस गाउँपालिकाको आ द २०७९।८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत आन्तरिक स्रोततर्फ शीर्षक नं २२५२२ मा बिनियोजन भएको पेशागत कुक तालिम कार्यक्रममा विनियोजित रकम रु २,५०,००० र कपाल काट्ने तालिम कार्यक्रम शीर्षकमा विनियोजित रकम रु १,५०,००० तथा मोटरसाइकल मर्मत तलिममा बिनियोजित रकमबाट रु १,००,००० लाई संशोधन गरी सो रकम *कफी" बरिष्टा तालिम* कार्यक्रममा विनियोजन गरी रु ५,००,००० बनाई कार्यान्वयनका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

ग) वजेट नीति तथा कार्यक्रम तयारीका लागि अतिरिक्त समय कार्य गर्नुपर्ने कर्मचारीहरुलाई कार्यबिधी बमोजिमको सुविधा प्रदान गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**द्रष्टव्य : निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।**

०८०।१२।२९

देव चन्द्र गर्नौला
प्रमुख प्रशासकीय अधिकृत